बुलेटिन सङ्ख्याः ४

बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय


स्वास्थ्य निर्देशनालय

# जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक

## प्रकोप तथा महामारी निगरानी मासिक बुलेटिन

आर्थिक बर्षः २०८२/८३ | महिनाः कार्तिक | प्रकाशित मितिः २०८२/०८/१०


### मुख्य झलकहरुः




*(श्रोतः DHIS २, EWARS) (तथ्याङ्क लिएको मितिः २०८२/०८/१०)*

### महामारीजन्य रोगहरुको अवस्था (प्रमुख ५ रोगहरु)

१. डेंगी




*(श्रोत:DHIS २) (तथ्याङ्क लिएको मितिः २०८२/०८/१०)*

२०८२ कार्तिक महिनामा काभ्रेपलाञ्चोक जिल्लाभित्र जम्मा ३५ वटा डेंगुका केसहरू प्रतिवेदन भएका छन्। जसअन्तर्गत भुम्लु गाउँपालिकाबाट २ वटा केस, बनेपा नगरपालिकाबाट २ वटा केस, धुलिखेल नगरपालिकाबाट २१ वटा केस, पाँचखाल नगरपालिकाबाट ५ वटा केस, नमोबुद्ध नगरपालिकाबाट ४ वटा केस, र पनौती नगरपालिकाबाट १ वटा केस प्रतिवेदन भएका छन्।

### २. स्क्रब टाइफस

२०८२ कार्तिक महिनामा काभ्रेपलाञ्चोक जिल्लाभित्र जम्मा १० वटा स्क्रब टाइफसका केसहरू प्रतिवेदन भएका छन्। जसअन्तर्गत मण्डनदेउपुर नगरपालिकाबाट १ वटा केस, धुलिखेल नगरपालिकाबाट ४ वटा केस, नमोबुद्ध नगरपालिकाबाट २ वटा केस, र महाभारत गाउँपालिकाबाट ३ वटा केस प्रतिवेदन भएका छन्। अन्य ९ वटा स्थानीय तहहरू, चौरीदेउराली, भुम्लु, बनेपा, पनौती, पाँचखाल, तेमाल, बेथानचोक, रोसी, र खानीखोला—बाट भने कुनै केस प्रतिवेदन भएका छैनन्।

### ३. जिल्ला मा देखिएका अन्य स्वास्थ्य समस्याहरू

कार्तिक २०८२ मा काभ्रेपलाञ्चोक जिल्लामा क्षयरोग (TB) का ७ वटा तथा टाइफाइड (Typhoid Fever) का १३५ वटा केसहरू रिपोर्ट भएका छन्।

## रोग/सिन्ड्रोम अनुसारको तुलनात्मक विवरण (महिनाः कार्तिक)

| रोगको नाम | आश्विन, २०८२ (अघिल्लो महिनामा) | कार्तिक, २०८२ (यस महिनामा) | केसको संख्यामा भिन्नता |
|---|---|---|---|
| हैजा | ० | ० | ० |
| डेङ्गी | २६ | ३५ | ९ ■ |
| Acute Gastroenteritis | ३५२ | २९९ | ५३ ■ |
| SARI (Severe Acute Respiratory IllneSs) | ५ | ४ | १ ■ |
| ILI (Influenza Like Illness) | ३२२ | २१९ | १०३ ■ |
| स्क्रब टाइफस | २३ | १० | १३ ■ |

*(श्रोतः DHIS २, EWARS) (तथ्याङ्क लिएको मितिः २०८२/०८/१०)*

■ *केसको संख्या बढेको* ■ *केसको संख्या घटेको* ■ *केसको संख्यामा कुनै परिवर्तन नभएको*

## निगरानी तथा केस व्यवस्थापन सम्बन्धी गरिएका पहलहरुः

**Acute Gastroenteritis (AGE))**

- AGE सङ्क्रमणका केसहरूको स्वास्थ्य संस्थामा नियमित निगरानी र छिटो रिपोर्टिङ प्रणाली सुदृढ गरिएको।
- पेट दुख्ने, बान्ता, झाडापखाला जस्ता लक्षण भएका केसहरूको समयमै उपचार, ORS तथा जिंकको उपलब्धता सुनिश्चित गरिएको।
- दूषित पानी तथा खाना सेवन रोकथामका लागि सुरक्षित पिउने पानी, सरसफाइ, हात धुने व्यवहार सम्बन्धी जनचेतनामूलक गतिविधि सञ्चालन गरिएको।
- आवश्यक परे नमूना संकलन तथा प्रयोगशाला परीक्षणका लागि व्यवस्थापन मिलाइ उपचार–अनुगमन गराइएको।

## आभार

जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोकले रोग निदान र व्यवस्थापनका लागि कार्यरत सबै सरकारी तथा निजी स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूको योगदान प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछ ।